# महाङ्काल गाउँपालिका

## गोटीखेल, ललितपुर

### ३ नं. प्रदेश, नेपालको प्रथम गाउँसभामा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट वक्तव्य २०७४

मिति:२०७४/०३/३०

महाङ्कालगाउँपालिकाको प्रथम गाउँसभाका अध्यक्ष ज्यु, प्रमुख अतिथि ज्यु,अतिथि ज्युहरू, सभाका सदस्य ज्युहरू तथा सम्पूर्ण महानुभावहरू !!!

यस महाङ्काल गाउँपालिकाको ऐतिहासिक प्रथम गाउँसभालाई सफल र व्यवस्थित बनाउन हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनुभएकोमा हार्दिक धन्यवाद सहित स्वागत गर्दछु। नेपालको राजनितिक, आर्थिक, समाजिक तथा विभिन्न आन्दोलनहरूमा अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान कार्यन्वयन हुने क्रममा निर्वाचित जनप्रतिनिधीहरू मार्फत जनताले आफैलाई शासित गर्ने वातावरण निर्माण भएको सन्दर्भमा महाङ्काल गाउँपालिका गोटीखेल ललितपुरलाई संघियताको मर्म अनुसारका विकास प्रक्रियालाई व्यवस्थित रूपमा संचालन गर्न नेपालको संविधान,संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेका कार्य/आदेशहरू,स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, नेपाल सरकारको विकास सम्बन्धी कार्य लक्ष्य र मान्यताहरू, वस्ती तथा वडा तहबाट सिफारिस भई आएका योजनाहरू, विभिन्न समितिहरू र गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको नीति,कार्यक्रम एवं बजेट यस सम्मानित सभामा प्रस्तुत गर्न गईरहेको छु । साथै यस अवसरमा सम्पूर्ण महाङ्काल गाउँपालिका बासी आदरणीय जनसमुदायहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

आदरणीय उपस्थित महानुभावहरू !

महाङ्काल गाउँपालिका ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक तथा धार्मिक दृष्ट्रिकोणले महत्वपूर्ण रहेको क्षेत्र भएकोले विशेष पर्यटकीय केन्द्रको रूपमा विकास हुने सम्भावना छ । पवित्र धार्मिक एवं प्राकृतिक सौन्दर्यले भरिपूर्ण महाङ्काल मन्दिर, वैतरणी धाम, कालेश्वर मन्दिर, तामाङ लोक्तोङ गुम्बा तथा विभिन्न बौद्ध गुम्बाहरु, जडीबुटी, वन पैदावर,कृषि, पशुपालन, नगदेबाली विशेषगरी चिया तथा कफी लगायत थुप्रै सम्भावनाका क्षेत्रहरू छन् । यी क्षेत्रहरूको प्रभावकारी प्रयोग र दिगो विकास गरी आत्मनिर्भर अर्थतन्त्रको विकास मार्फत विकासका क्षेत्रमा अहिलेसम्म भएका सकारात्मक प्रयास, राजनैतिक दलहरूबाट भएको सहयोग, विकास साझेदारहरूको प्रयास, विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूको सहयोग, समन्वय र सहकार्य, निजी क्षेत्रको प्रवेश, पत्रकार तथा नागरिक समाज लगायत महाङ्काल बासीको विकास प्रति रहेको चासो महाङ्काल क्षेत्रको समग्र विकासको लागि अवसरका रूपमा रहेका छन् ।

उल्लेखित सम्भावना तथा अवसरहरूका बावजुत हाम्रा सामु थुप्रै चुनौतीहरू रहेका छन् । देशकै

राजधानी काठमाडौबाट निकै निकट तथा उपत्यकाकै एक जिल्ला ललितपुरको दक्षिणी भाग भएर पनि विकास, निर्माणमा आशातित प्रगति देख्न सकिन्न । गाउँपालिकाका सबै वडाहरूमा सडकको ट्र्याक जोडिएतापनि १२ महिना नै यातायात सेवा उपलब्ध गराउन सकिएको छैन । सबै वडाहरूमा शिक्षा, स्वास्थ्य,खानेपानी, सिंचाई तथा विजुलीको सहज व्यवस्थापन मिलाउन सकिएको छैन । विविध प्रकारका विभेदहरू कायमै छन् । मानव विकास सुचाङ्क सन्तोषजनक देखिदैन ।प्रतिव्यक्ति आय कमजोर अवस्थामा छ । कृषि, वन ,वातावरण तथा अन्य पूर्वधार र सशक्तीकरणका कार्यक्रमहरूमा वर्षेनी ठूलो लगानी भएतापनि खाद्य असुरक्षा, गरिबी, असमानता, जातिय भेदभाव, छुवाछुत, महिला हिंसाका घटनाहरूबाट पार पाउन सकिएको छैन । निरक्षरता र अदक्षताले गाँजिरहेको छ । झण्डै २० वर्ष जनताले आफ्ना प्रतिनिधी नपाउनु, गाउँपालिकाको आन्तरिक आय अत्यन्तै न्युन हुनु, विकासको प्रतिफल लक्षित समुदायसम्म पुऱ्याउन नसक्नु, आशातित पुन/नव निर्माण नहुनु थप चुनौतीहरूका रूपमा रहेका छन् । गाउँपालिकाले शून्य अवस्थाबाट काम सुरू गर्नु पर्दा धेरै कठिनाइहरू व्यहोर्नु परिरहेको छ । उल्लेखित चुनौतीहरूको बावजुत सबै सरोकरवाला निकायहरूको समन्वय र सहकार्यमा दिगो विकास गरी यसका प्रतिफल लक्षित समुदायसम्म पुऱ्याउन हामीले सामुहिक प्रयास गर्नु निरन्तर आवश्यक रहेको कुरा स्मरण गराउन चाहन्छु ।

आदरणीय महानुभावहरू ,

नव गठित महाङ्काल गाउँपालिकालाई प्राप्त भएका सबै सम्भावना र अवसरहरूलाई सम्पत्तीको रूपमा ग्रहण गर्दै यसैको जगमा टेकेर सम्वृद्ध महाङ्काल गाउँपालिका निर्माण गर्ने प्रतिबद्धताका साथ अब म महाङ्काल गाउँपालिकालको आगामी वर्षको वार्षिक नीति, कार्यक्रम तथा बजेटका मुख्य मूख्य क्षेत्रहरू प्रस्तुत गर्दछु ।

## महाङ्काल गाउँपालिकाको आ.व. २०७४/०७५ को नीति

### १. सामाजिक विकास नीति:

क) वालवालिका

- यस गाउँपालिकामा रहेका वालवालिकाको शारीरिक, बौद्धिक, मानसिक विविध पक्षको विकासको लागि विभिन्न किसिमकाका कार्यक्रम सञ्चालन गरिनेछ । त्यसका लागि वडा तथा गाउँपालिका स्तरमा कार्यक्रम सञ्चालन गरी लक्षित पक्षलाई प्रत्यक्ष लाभ पुऱ्याइनेछ ।

ख) अपाङ्गता

- अपाङ्गता भएका व्यक्तिहरुको उत्थान, सामाजिक संरक्षण, उच्च मनोबल राख्न विभिन्न किसिमका सीपमूलक कार्यक्रम मार्फत् आत्मनिर्भर बनाइनेछ । यस गाउँपालिकामा रहेका तथा अब निर्माण हुने सम्पूर्ण भौतिक सम्पदा अपाङ्गतामैत्री बनाइनेछ ।

ग) आदिवासी/जनजाति

- यस क्षेत्रमा रहेका आदिवासी/जनजातिको भाषा, धर्म, संस्कृति, परम्परा, सीप, मूल्यमान्यताको जगेर्ना गर्न विविध पक्षसँगको सहकार्यमा आवश्यक पर्याप्त कार्यक्रम ल्याइनेछ । आदिवासी/जनजातिको हित र उत्थानको लागि विभिन्न कार्यक्रमको पहिचान गरी उनीहरुको सहभागीतमा कार्यान्वयनमा उच्च प्राथमिकताका साथ ल्याइनेछ ।

घ) ज्येष्ठ नागरिक

- 'ज्येष्ठ नागरिक परिवारका बोझ होइनन्, अनुभवका खानी हुन' भन्ने मान्यतालाई शिरोधार्य गर्दै ज्येष्ठ नागरिकमा रहेको सीप, अनुभव, ज्ञान र तकनिकीको विशेष सम्मानका साथ प्रयोग गर्ने वातावरण बनाइनेछ । ज्येष्ठ नागरिकलाई वृद्ध आश्रममा नभई परिवारका साथ नै बस्ने वातावरण निर्माण लागि समाजमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

ङ) महिला

- महिला विकास, सशक्तीकरण, सीप विकास, सामाजिक सुरक्षा, क्षमता अभिवृद्धि मार्फत् महिलाको सर्वाङ्गिण विकास गरी पुरुष सरह सम्मानपूर्वक समाजमा जीउन सक्ने वातावरण बनाइनेछ । यसका लागि यथेष्ठ बजेट व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ ।

छ) शिक्षा

- शिक्षा जीवनको आधार, सबैको लागि शिक्षा जस्ता नाराको कडाईको साथ पालना गर्दै सबै नागरिकमा शिक्षाको पहुँच पु¥याइनेछ । सबै वालवालिकालाई विद्यालय भर्नाका लागि अभियानकै रुपमा सञ्चालन गरिनेछ । बीचमै विद्यालय छाड्ने प्रवृत्ति रोक्न प्रभावकारी कार्यक्रम ल्याइनेछ । औपचारिक तथा अनौपचारिक शिक्षा मार्फत् सबै नागरिकलाई शिक्षित र साक्षर पारी शिक्षित गाउँपालिका घोषणा तर्फ कार्यक्रम अगाडि बढाइनेछ ।
- प्राविधिक शिक्षा, आइटी (सूचना प्रविधि) मा आधारित शिक्षालाई विशेष जोड दिँदै सो शिक्षाका लागि आवश्यक पर्ने पूर्वाधार तथा अन्य पक्षको सम्भाव्यता अध्ययन गरी निकट भविष्यमा नै सो किसिमको शिक्षाको सुरुवात गरिनेछ ।
- कम्तिमा पनि गाउँपालिकामा एक प्राविधिक शिक्षालय स्थापना गर्ने कार्यलाई प्रमुख एजेन्डाकाकै रुपमा अगाडि बढाइनेछ ।
- सामुदायिक विद्यालयको सुधार मार्फत् गुणस्तरीय शिक्षाको सुनिश्चितता गरी आम अभिभावकलाई सामुदायिक विद्यालयप्रतिको विश्वसनियतामा वृद्धि गरिनेछ ।

ज) स्वास्थ्य

- स्वास्थ्य नै धन हो भन्ने मान्यतालाई कडाईका साथ आत्मसाथ गर्दै सबै नागरिकमा स्वास्थ्य सम्बन्धी जनचेतना फैलाइनेछ । आधारभूत स्वास्थ्य सेवाको नागरिकको जीवनमा प्रत्यक्ष रुपमा प्रभाव पर्ने गरी उपलब्ध गराइनेछ । नेपाल सरकारले निशुल्क उपलब्ध गराउँदै आएको औषधीलाई निरन्तरता दिँदै आगामी दिनमा यस कार्यलाई थप विस्तार गर्न सम्भाव्यता अध्ययन गरिनेछ । स्वास्थ्य सेवालाई चुस्त, दुरुस्त बनाउन वडामा रहेका स्वास्थ्य संस्थामा नियमित रुपमा स्वास्थ्यकर्मी, स्वास्थ्य उपकरण तथा औषधीको निरन्तर व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्र सुविधा सम्पन्न हस्पिटलको स्थापनाका गर्ने गरिनेछ ।

झ) गै.स.सं.

- गै.स.सं. लाई सामाजिक उत्थान र विकासका कार्यमा थप प्रतिबद्ध हुने वातावरण बनाइनेछ ।

यी संस्थाहरुलाई पारदर्शी बनाउन, नियमन गर्न तथा कार्यहरुको डुप्लीकेसन रोक्न आवश्यक पहल गरिनेछ । गै.स.सं. मा देखिएको बेथिति रोक्न नागरिकमा सचेतनामूलक कार्यक्रम ल्याइनेछ ।

ञ) उपभोक्ता समिति

- स्थानीय स्तरमा हुने कार्यलाई उपभोक्ता समिति मार्फत् गर्ने कार्यलाई थप प्रोत्साहन गरिनेछ । त्यसका लागि उपभोक्ता समितिलाई पारदर्शी, जिम्मेवार र उत्तरदायी बन्न कानुनी प्रक्रिया मार्फत् नै बाध्य पारिनेछ । पछिल्लो समय उपभोक्ता समिति माथि लाग्ने गरेको विभिन्न आरोपलाई नियमन र अनुगमनको माध्यमबाट कानूनी दायरामा ल्याइनेछ ।

ट) मानव संसाधन

- गाउँपालिका भित्र रहेका युवा जनशक्तिलाई सीपमूलक रोजगारी तथा रचनात्मक कार्यहरुमा संलग्न हुन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- विदेशमा काम गरी फर्केका यस क्षेत्रका नागरिकले आर्जन गरेका सीप तथा ज्ञानको उचित सदुपयोग मार्फत् यस क्षेत्रका विकासमा परिचालन गर्न आवश्य गृहकार्य गरिनेछ ।

ठ) सामाजिक परिचालन

- समाजमा प्रचलनमा रहेका लाभदायी सीप, प्रविधिको संरक्षण, सम्वर्द्धन गर्दै समाजको हितमा प्रयोग गरिनेछ । अर्कोतर्फ समाजमा व्याप्त कुरिति, कुसंस्कार, कुप्रथाजन्य मान्यताको निर्मूल पार्न आमा समूह, क्लब तथा विभिन्न सामाजिक संस्थाको प्रयोग गरी जनचेतना अभिवृद्धि गरी सभ्य समाजको निर्माण गरिनेछ ।

ड) सांस्कृतिक संरक्षण तथा पर्यटन

- यस क्षेत्रमा रहेको जातिय, भाषिक, धार्मिक तथा सांस्कृतिक विविधताको समान संरक्षण गरी यहाँ स्थित मठमन्दिर, पाटीपौवा, गुम्बा, छोर्तेन, स्यादरथान, चर्च लगायत अन्य विभिन्न सार्वजनिक स्थल तथा सम्पदाको संरक्षण गरिनेछ ।
- विविध धर्म, जाति, सम्प्रदायहरुको दाहसंस्कार स्थलको उचित व्यवस्थापन, संरक्षण र विकास गरिनेछ ।
- यस क्षेत्रलाई जातिय, भाषिक, धार्मिक तथा सांस्कृतिक रुपमा एकता कायम गर्दै सहिष्णुतायुक्त समाजको प्रवर्द्धन गरिनेछ ।

## २. कृषि, वन तथा वातावरण नीतिः

क) कृषि

- दुग्धजन्य, तरकारी खेति, चिया तथा कफी र मसला बाली खेतिको विकास, प्रवर्द्धन तथा विस्तारका लागि आवश्यक कार्यक्रमहरु ल्याइनेछ ।
- बागवानी केन्द्रको स्थापनाको सम्भावना अध्ययन गरी त्यसका लागि यस आ.व. आवश्यक

गृहकार्य अगाडि बढाइनेछ ।

- दुग्धजन्य पदार्थको उत्पादन, संकलन, व्यवसायीकरण तथा बजारीकरणका लागि दुग्ध सहकारीको स्थापनामा प्रोत्साहन गरी कृषकलाई उनीहरुको उत्पादनमा उनीहरुकै अग्राधिकार कायम गर्ने वातावरण सिर्जना गरिनेछ ।
- कृषिको आधुनिकीकरण, व्यवसायीकरण र विविधिकरणका लागि आधुनिक कृषि प्रविधि, प्राविधिकको यथेष्ठ व्यवस्था गरिनेछ । साथै कृषि क्षेत्रमा बढ्दो रुपमा प्रयोग भइरहेको विषादी तथा किटनाशक विषको प्रयोगलाई निरुत्साहित गरी अर्ग्यानिक खेतितर्फ कृषकलाई प्रोत्साहन गरिनेछ ।

ख) सहकारी तथा गरिबी निवारण

- यस क्षेत्रको स्थानीय स्तरमा रहेको साना पुँजी, प्रविधि र सीपको एक आपसमा सहकार्य गरी स्थानीय स्तरको सामाजिक, आर्थिक उत्थानमा प्रयोग गर्दै गरिबी निवारणमा टेवा पुऱ्याइनेछ ।
- नियमन र नियन्त्रण भन्दा बाहिर जान खोज्न सहकारीहरुलाई अनुगमन र मुल्याङ्कन मार्फत् कानुनको दायरामा ल्याइनेछ । सकेसम्म उही र उस्तै कार्यका लागि स्थापना भएका सहकारीहरुलाई एकआपसमा गाभिनका लागि प्रोत्साहन गरिनेछ ।
- विशेष गरी यस क्षेत्रका नागरिकहरुले कृषि पेशालाई प्रमुख पेशाका रुपमा अँगालेकाले कृषिसँग सम्बन्धित उत्पादन, बजारीकरण र लाभको वितरणसम्मको चरणमा सहकारीको संलग्नता हुने गरी सहकारीको प्रवर्द्धन गरिनेछ ।
- यस क्षेत्रको गरिबी निवारणको लागि लक्षित वर्ग केन्द्रित सीपमूलक, क्षमता विकास, आयआर्जनमुखी कार्यक्रमहरु सञ्चालन गरी उनीहरुको आर्थिक उन्नति मार्फत् गरिबी निवारणका लागि पहल गरिनेछ ।

ग) वन, वातावरण तथा भू-संरक्षण

- यस क्षेत्रमा रहेको वन सम्पदा संरक्षणको लागि डढेलो नियन्त्रण, भूस्खलनको नियन्त्रण, घाँसरोपण/अम्रिसो रोप्ने, आवश्यकता हेरी वृक्षरोपण, गैर-कानुनी चोरी निकासी नियन्त्रण हरियाली वातावरण कायम गरी नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने हकको संरक्षण गरिनेछ ।
- ग्रामीण तथा गाउँले वातावरणमा अवस्थित यस क्षेत्रको स्वच्छ वातावरण कायम राख्न सरसफाई तथा फोहोरमैलाको उचित व्यवस्थापन गरी यहाँको स्वच्छ र ताजा अवस्थालाई कायम राखी वातावरीय पक्षको सम्बोधन गरिनेछ ।
- यस क्षेत्रको भू-संरक्षणको लागि पहिरो नियन्त्रण, नदी कटानको नियन्त्रण, अवस्थित बस्ति विस्तारको नियन्त्रण, जथाभावी किटनाशक विषादीको प्रयोग जस्ता पक्षको यथोचित व्यवस्था गरी भू-संरक्षण गरिनेछ ।

घ) लघुउद्यम

- यहाँ प्रचलनमा रहेका परम्परागत तथा घरायसी खालका घरेलु र लघुउद्यमहरुलाई संरक्षण

गरिनेछ ।

- विशेषतः कृषि क्षेत्रसँग नागरिकको बसोबास बढी भएको यस क्षेत्रमा कृषि उत्पादनमा आधारित लघु तथा साना उद्यमको विकास, संरक्षण र आवश्यकता हेरी प्राथमिकता दिइनेछ ।

ङ) पशुपन्छी

- यस गाउँपालिकाको बहुसंख्यक नागरिक गाई तथा भैसीपालन मार्फत् दुग्धउत्पादन पेशामा संलग्न भएकाले कृषिसँग सम्बन्धित विषयगत शाखालाई यो पेशालाई दिगो, व्यवसायमुखी बनाउने गरी कृषकहरु समक्ष कार्यक्रम पुऱ्याइनेछ ।
- माछापालन तथा कुखुरा व्यवसायलाई समेत प्रवर्द्धन गर्ने गरी कार्यक्रमहरु ल्याइनेछ ।

**३. जलस्रोत तथा भूमि नीतिः**

- यस क्षेत्रमा रहेको खोला, नाला, छहरा, जलाधार क्षेत्रको संरक्षण गर्दै त्यसको उचित र वातावरणमैत्री ढङ्गले प्रयोग गर्दै दिगो उपयोगमा जोड दिइनेछ ।
- यहाँको जलस्रोतको यहीँको नागरिकको हितमा प्रयोग गरी त्यसको अधिकतम सदुपयोग गर्न सिँचाई, लघु जलविद्युत, सुधारिएको घट्टो जस्ता बहु-आयामिक ढङ्गले प्रयोगमा जोड दिइनेछ ।

**४. भौतिक पूर्वाधार तथा संरचना विकास नीतिः**

क) विपद् व्यवस्थापन

- यस क्षेत्रमा भविष्यमा हुन सक्ने दैवी प्रकोप तथा विपद् व्यवस्थापनका लागि एउटा कोष खडा गरी विपद्का समय त्यसबाट उद्दार, राहत तथा पुर्नस्थापनाको व्यवस्था मिलाइनेछ ।
- भविष्यमा हुनसक्ने विपद्को तयारी, त्यसबाट बच्ने उपाय तथा विपद्को समयमा गर्नपर्ने कार्यका सम्बन्धमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ख) भवन तथा जग्गा

- राष्ट्रिय भवन आचार संहितासँग आबद्ध हुने गरी यहाँको आयस्रोत तथा प्रविधिसमेतलाई मध्यनजर गर्दै भवन निर्माण संहिता कार्यान्वयनमा ल्याइनेछ । भवन निर्माणका क्रमका गाउँपालिकाबाट अनिवार्य अनुमति लिने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ ।
- यस क्षेत्रका जग्गाको संरक्षण गर्न जथाभावी प्लटिङ्ग गर्ने, खानी उत्खनन् गन सार्वजनिक जग्गाको व्यक्तिगत हितमा प्रयोग गर्ने प्रवृत्तिको नियन्त्रण गरिनेछ  जग्गाको जथाभावी टुक्रा गर्ने कार्यलाई नियन्त्रण गरी चक्लाबन्दी/ल्यान्डपुलिङ कार्यलाई प्रोत्साहन गरिनेछ ।

ग) खानेपानी तथा सरसफाई

- प्रत्येक घरमा एक धारा कार्यक्रम सञ्चालन गरी अभियानकै रुपमा कार्यान्वयन गरिनेछ ।
- खानेपानीकै धेरै खाले रोगहरु लाग्ने भएकाले खानेपानी सफा गर्ने विभिन्न तरिका, विधि बारेमा

आम नागरिकमा जनचेतना फैलाई स्वस्थ नागरिक निर्माणमा जोड दिइनेछ ।

घ) विद्युत/उर्जा

- यस गाउँपालिकाको सबै घरमा बिजुलीको पहुँच पुऱ्याउन विशेष प्राथमिकतामा राखी कार्य गरिनेछ ।
- परम्परागत उर्जाका रुपमा दाउराको अत्यधिक प्रयोग गर्दा एकातर्फ वनसम्पदाको दोहन भएको छ भने अर्को तर्फ त्यसको धुँवाले स्वास्थ्यमा समेत गम्भीर असर परेकोले त्यसको समाधान गर्नका लागि वैकल्पिक उर्जाको प्रयोगमा नागरिकलाई प्रोत्साहन गरिनेछ ।

ङ) सडक

- सडकलाई पूर्वाधारको पनि पूर्वाधार भनिने पक्षलाई आत्मसात गर्दै सबै गाउँसम्मको सडक सञ्जाललाई बाह्रै मास चल्ने गरी व्यवस्थापन गरिनेछ । अन्य छिमेकी जिल्ला तथा गाउँपालिकासँग जोडिने बाटोलाई पनि उच्च प्राथमिकतामा राखी कार्य गरिनेछ ।
- सडकको स्तरोन्नति, नाला निर्माण जस्ता कार्य मार्फत् सडकको दिगोपना र दिगोउपयोगमा ध्यान दिइनेछ ।

च) सहरी तथा ग्रामीण विकास

- गाउँपालिकाको केन्द्र तथा यसको वडा स्थित नगरोन्मुख बजारहरु भविष्यमा शहरका रुपमा विकास हुने भएकाले सो क्षेत्रको बाटोघाटो, ढल, बसपार्क, खुलाक्षेत्र, बालउद्यान, पार्कहरुको व्यवस्थाको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- ग्रामीण क्षेत्रमा बसोबास गर्ने नागरिकको गुणस्तरीय जीवनको लागि खानेपानी, बिजुली, सडक, शिक्षा, स्वास्थ्य जस्ता सुविधाको व्यवस्थापन गरी ग्रामीण विकासका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

छ) सूचना तथा सञ्चार

- २१ औं शताब्दीमा सुहाउँदो सञ्चार प्रणालीका रुपमा सूचना प्रविधिमा आधारित रहेर गर्न सबै वडा कार्यालयसहित गाउँ कार्यपालिकाको कार्यालय आधुनिक सूचना प्रणालीमा आबद्ध गरिनेछ ।

ज) बजार व्यवस्थापन

- बजारमा रहेका पसलहरुको क्लसटरिङ्ग, मासु पसल तथा पशुबधशालाको व्यवस्थापन, होटल तथा रेस्टोराँको व्यवस्थापन, बजारबाट उत्सर्जन हुने फोहोरमैलाको उचित वर्गीकरण तथा व्यवस्थापनलाई कार्ययोजनामा राखी कार्य गरिनेछ ।

**५. उद्योग नीति:**

क) घरेलु तथा साना उद्योग

- यस क्षेत्रमा रहेका घरेलु तथा साना उद्योगको संरक्षण गरिनेछ । बढी रोजगारी दिने तथा स्थानीय कच्चा पदार्थ प्रयोग गर्ने उद्योगहरुलाई प्रोत्साहन दिइनेछ । कुनै पनि उद्योग खोल्दा त्यसको वातावरणीय प्रभाव मूल्याङ्कनको पक्षलाई अनिवार्य रुपमा पास भएको हुनुपर्नेछ ।

ख) श्रम तथा रोजगार

- स्थानीय स्तरमा रोजगार बढाउन स्थानीय स्तरमा हुने योजना तथा कार्यहरुमा स्थानीय नागरिकलाई श्रमिक तथा कामदारको रुपमा पहिलो प्राथमिकता दिनुपर्नेछ । श्रमको उचित मूल्य र पारिश्रमिक दिइने वातावरण सिर्जना गरिनेछ । महिला र पुरुषका बीचमा समान कामका लागि समान ज्यालाको सुनिश्चितता गरिनेछ ।
- रोजगारमूलक तालिम, सीप विकास, क्षमता विकास जस्ता कार्यक्रमहरु सञ्चालन गरी सीपयुक्त नागरिक सिर्जनामा जोड दिइनेछ । स्वरोजगारमा संलग्न हुने तथा स्थानीय स्तरमा व्यवसाय सञ्चालन गरी स्थानीय स्तरमा रोजगार सिर्जना गर्ने नागरिकलाई सम्मान गरिनेछ ।

आदरणीय उपस्थित महानुभावहरु,
अब म गाउँपालिकास्तरीय कार्यक्रम प्रस्तुत गर्दछु ।

**१) सूचना तथा सञ्चार गाउँपालिका भरी जडानः १५ लाख**

**२) सडक**

- दुर्लुङ खोला करिडोरः ४० लाख
- ससीवा-ठाटी भञ्ज्याङ मोटर बाटोको (देउता खोला-ठाँटीभञ्ज्याङ खण्ड) मोटर बाटो स्तरोन्नतिः २५ लाख
- रातोमाटे-कालेश्वर-काभ्रे सिमाना सडक खण्ड स्तरोन्नतिः २० लाख
- बतासे-ससिपा-गढी-सिसवन मोटर बाटो मर्मत तथा नयाँ ट्र्याक खोल्नेः ५ लाख
- ठोस्ने खोला-टिप्चे खोला सडक खण्डः १० लाख
- उनिउ चौर-मानिखेल मध्यमार्गी मोटर बाटोः २० लाख
- लक्ष्यवास-चन्दनपुर-ससिवा सडक मर्मतः १० लाख

**३) शिक्षा**

- महाङ्काल क्याम्पस सञ्चालनः ३ लाख
- सेरेसकोकलः १ लाख ५० हजार
- प्राविधिक शिक्षालय स्थापना प्रोत्साहनः ५ लाख
- छात्रामैत्री शौचालय व्यवस्थापनः २ लाख

**४) विद्युत**

- सामुदायिक विद्युतीकरणः १० लाख

**५) खेलकुद**

- गाउँपालिकास्तरीय खेलकुद प्रतियोगिताः २ लाख

**६) महिला लक्षित लोकसेवा लगायत क्षमता अभिवृद्धि कार्यक्रमः ५ लाख**

**७) दैवी प्रकोप उद्धार तथा विपद् व्यवस्थापन कोषः ३७ लाख**

**८) पर्यटन प्रवर्द्धन**

- वैतरणी धाम, कालेश्वर महादेव मन्दिर लगायत धार्मिक पर्यटन प्रवर्द्धनः ४ लाख

**९) स्वास्थ्य**

- गाउँपालिकास्तरीय स्वास्थ्य कार्यक्रमः ५ लाख

**१०) फर्निचर तथा फर्निसिङ्गः १५ लाख**

**११) मेसिनरी औजारः १० लाख**

**१२) सवारी साधन**

- खरिदः २ लाख ५० हजार
- एम्बुलेन्स मर्मतः २ लाख

**१३) कृषि**

- कृषि बाली अध्ययन तथा माटो परीक्षण, गाउँपालिकाभरीः ३ लाख

**१४) भवन/जग्गा खरिदः ६० लाख**

**१५) विविध/म्याचिङ फन्डः २५ लाख**

आदरणीय उपस्थित महानुभावहरु,

अब मक्रमशः यस गाउँपालिका अर्न्तगतका विभिन्न वडाका लागि विनियोजन भएको बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

आदरणीय उपस्थित महानुभावहरु,

अब म क्रमशः यस गाउँपालिका अन्तर्गतका विभिन्न वडाका लागि विनियोजन भएको बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**महाङ्काल गाउँपालिका १ वडाको कार्यक्रम तथा बजेट विनियोजन**

**१) मोटरबाटो**

- कोसीवनडोल-चिहान डाँडा-अमलबोट हुँदै छापाखोला मोटरबाटो निर्माणः ५,००,०००।-
- चिउली डाँडा भञ्ज्याङदेखि टोड्के हुँदै  चमेरो गुफा जाने मोटरबाटो निर्माणः ५,००,०००।-
- थली-बिमिरे मोटरबाटो निर्माणः ३,००,०००।-
- पालाज्यु खोला-गोले छाप्रो मोटर बाटो निर्माणः ८,००,०००।-
- गिटी कुट्ने मोडदेखि बोल्दे चिहान पाटीसम्म मोटर बाटो निर्माणः २,००,०००।-
- गोदाम-सिउ ढुङ्गा-अमलबोट जोड्ने मोटर बाटो निर्माणः ५,००,०००।-
- केपल डाँडा-डिमडुङ टोलबाट उनिउँ चौर जोड्ने मोटरबाटो निर्माणः ३,००,०००।-
- रातापहिरो-अर्थुङ्गे-दाहाल टोल जोड्ने मोटर बाटो निर्माणः २,००,०००।-
- फत्तेपोखरीदेखि बिमिरे जाने मोटर बाटो निर्माणः २,००,०००।-
- १ नं. वडा स्थित आवश्यकीय बाटो मर्मतको लागिः ६,००,०००।-
- चिउली डाँडा सडक स्तरोन्नति (ब्रेकर लगाउने): १,००,०००।-
- पालाज्युदेखि लामी डाँडा-सोला भञ्ज्याङदेखि सरकारी गोठसम्म गोरेटो बाटो निर्माणः १,००,०००।-

**२) शिक्षा**

- शिक्षातर्फ भौतिक निर्माण, माध्यामिक विद्यालय कक्षा ११ र १२ सञ्चालन, शिक्षा सुधार तथा अन्य कार्यक्रम ६ वटा विद्यालयमाः ८,००,०००।-
- विद्यालयका वालवालिकाहरुलाई वालपोषण कार्यक्रम, ६ वटा विद्यालयकाः १,००,०००।-

**३) स्वास्थ्य**

- स्वास्थ्यचौकीको लागि जग्गा खरिदः ५,००,०००।-

**४) खानेपानी**

- जुरे लेकबाट बुखेल महत टोलसम्म खानेपानी मर्मतः २,००,०००।-

- कतुवान बेसी खानेपानी योजनाः २,००,०००।-
- डिमडुङ टोल-खरी डाँडा माथिल्लो भाग खानेपानी मर्मतः १,००,०००।-

**५) युवा तथा खेलकुद**

- युवाहरुको लागि खेलकुद मैदान मर्मत, बिमिरे चौरः १,००,०००।-
- खेलकुद मैदान निर्माण, बुखेल मध्यभागः १,००,०००।-

**६) महिला**

- महिला स्वास्थ्य स्वयं सेविकालाई प्रोत्साहन भत्ताः ५०,०००।-
- एकल महिला उत्थान कार्यक्रमः ५०,०००।-
- महिला क्षमता विकास कार्यक्रमः १,००,०००।-

**७) कृषि**

- एक घर एक टनेल कार्यक्रम, वारी र पारी बुखेलः १,००,०००।-
- पशु पालनको लागि माइक्रोस्कोप तथा फ्रिज-कन्टेनर खरिदः १,५०,०००।-
- लौठ सल्ला, कागती, सुन्तला प्रजातिका बिरुवाको बेर्ना वितरण, बुखेल वारी र पारीः १,००,०००।-

**८) सामाजिक सुरक्षा**

- ज्येष्ठ नागरिक सम्मान कार्यक्रमः १,००,०००।-
- अपाङ्गता भएकाहरुलाई सम्मान कार्यक्रमः २०,०००।-
- दलित उत्थान कार्यक्रमः २०,०००।-

**८.१) जनजाति**

- केपल डाँडा चिहान पाटी निर्माणः ५०,०००।-
- खरी डाँडा चिहान पाटी निर्माणः ४०,०००।-
- लामी डाँडा चिहान पाटी निर्माणः ४०,०००।-

**९) पूरानो गाविस भवन तथा हालको वडा भवनको सटर मर्मतः १,५०,०००।-**

**१०) विपद् व्यवस्थापनः २,५०,०००।-**

**११) विविध/म्याचिङ फन्डः १,८०,०००।-**

# महाङ्काल गाउँपालिका २ नं. वडाको सिलिङ अनुसार बजेट विभाजन

१) सडक

- रिगिन डाँडा मोटरबाटो मर्मतः ५,००,०००।-
- रिगिन डाँडा तल्लो टोल मोटरबाटो निर्माणः ४,००,०००।-
- कम्राङ, मानीखेल सडक स्तरोन्नतिः ८,००,०००।-
- कतवनबेशी, दमै डाँडा मोटरबाटो विस्तार, मर्मतः २,००,०००।-
- स्याखिन डाँडा, थल डाँडा सडक मर्मतः १,५०,०००।-
- खोर भञ्ज्याङ्ग, मन्दिर डाँडा उत्तिस गहिरा सडक मर्मतः ४,००,०००।-
- लक्ष्यबास गुर्दम मोटरबाटो मर्मतः २,००,०००।-
- मानिखेल-नाग ढोका सडक मर्मतः २,००,०००।-
- बोल्दे गाउँ सडक निर्माण (नयाँ ट्र्याक): २,००,०००।-

२) खानेपानी

- खानेपानी योजना तथा मर्मतः ५,००,०००।-

३) शिक्षा तथा वालवालिका कार्यक्रम

- सबै विद्यालयका वालवालिकाका लागि पोषण कार्यक्रमः ३,००,०००।-
- रिगिन प्राविः १,५०,०००।-
- श्री मानिखेल निमावि भवन निर्माणार्थ साझेदारीः ३,००,०००।-
- श्री बुद्ध भगवान मावि भवन निर्माण साझेदारीः ३,००,०००।-

४) महिला लक्षित कार्यक्रम

- महिला स्वयंसेविका प्रोत्साहन तथा यातायात खर्चः ६३,०००।-
- महिला सामूदायिक भवन मानिकखेलः ३,००,०००।-
- महिना क्षमता विकास कार्यक्रमः १,००,०००।-

५) विपन्न वर्ग कार्यक्रम/सामाजिक विकास

- अपाङ्गता भएका नागरिक खाद्यान्न खरिद वितरणः ५०,०००।-
- तामाङ समुदायको ङ्युनीव्रत कार्यक्रमः ४०,०००।-

- युवा खेलकुद कार्यक्रम तथा खेलमैदान निर्माणः ३,००,०००।-
- ज्येष्ठ नागरिक सम्मान कार्यक्रमः १,५०,०००।-
- ज्ञानचक्षु प्रावि शौचालय निर्माणः १,००,०००।-
- मानिखेल तल्लो गाउँ सामुदायिक भवनः १०,००,०००।-
- बोल्दे गाउँ साना जलविद्युत मर्मतः २,००,०००।-
- कमाङ सामुदायिक भवन निर्माणः २,००,०००।-
- छानीघाट ट्रसपुल निर्माण साझेदारीः १,००,०००।-
- पशु स्वास्थ्य शिविरः १,००,०००।-
- फलफूल बिरुवा खरिद तथा वितरणः ५०,०००।-
- समपूरक कोष (म्याचिङ फन्ड): ४,४७,०००।-
- विविधः ५,००,०००।-

# ३ नं. वडा गोटीखेलको कार्यक्रम

| **मोटरबाटो तथा गोरेटो बाटो** | रकम |
|---|---|
| १. सिसवन कालेश्वर मन्दिर सिढीबाटो | १,००,०००/- |
| २.सुमारा सेपिला गैरा मोटर बाटो | ३,००,०००/- |
| ३.धामिडाडाँ धामिखोला कृषि सडक | १,५०,०००/- |
| ४.भन्ज्याङ ढट्टी मोटर बाटो | १,००,०००/- |
| ५.गोटिखेल-चिहानडाडाँ मोटर बाटो | २,००,०००/- |
| ६.लाम्पाटी-महाङ्काल मन्दिर गोरेटो बाटो | ५०,०००/- |
| ७.सिमबाट गोटिखेल प्रा.वि. मोटर बाटो | १,००,०००/- |
| ८.उत्तिसगैरा बजार नयाँ ट्रयाक निर्माण | १,००,०००/- |
| ९.जप्का जाने खोलाबाट पुलीसटोल मोटर बाटो | ५०,०००/- |
| १०.जप्का- सिसवन मोटर बाटो, ढल व्यवस्थापन समेत | ३,००,०००/- |
| ११.जप्का कमेरोडोल लाम्राङ जोड्ने मोटर बाटो | ३,००,०००/- |
| १२.बलटोल पुल हुँदै खोलाघारी पराटु जोड्ने मोटर बाटो | २,००,०००/- |
| १३.गोटिखेल बजार पुराना गाउँ तल्लाबारी कलभर्ट मोटर बाटो निर्माण | १,००,०००/- |
| १४.उत्तिस गैरा खोरभन्ज्याङ् मोटर बाटो | २,००,०००/- |
| १५.उत्तिस घारी सिरुडाडाँ हुमगाई टोल क्षेपारीडाडाँ मोटर बाटो | १,२५,०००/- |
| १६.नाकेडाडाँ दमाईडाडाँ मोटर बाटो मर्मत सुधार | १,२५,०००/- |
| १७.गोटिखेल बजार बैतर्णी-माथिल्लो सुमारा मोटर बाटो | ३,००,०००/- |
| १८. दारपाखा देखि गैरीगाउँ सम्मको पिच बाटो नाली सुधार | १,००,०००/- |
| १९.थुम्का मोटर बाटो निमार्ण | ५०,०००/- |
| २०. रातोमाटे क्षेपारीडाडाँ मोटर बाटो स्तर उन्नती | ३,५०,०००/- |
| २१. विभिन्न मोटर बाटो मर्मत/सुधार | ३,५०,०००/- |
| २२. उत्तिस घारी थलडाडाँ मोटर बाटो | ७५,०००/- |

## खानेपानी

| | |
|---|---|
| १.लिसाथली खानेपानीको लागि पाइप र धारा | ५०,०००/- |
| २.परीबास आहाल भन्ज्याङ् खानेपानी योजना | २,००,०००/- |
| ३. अधुरा खानेपानी योजना पुरा गर्न | २,५०,०००/- |

## कृषि

| | |
|---|---|
| १. चिया विरुवा खरिद र वितरण | २५,०००/- |
| २. लोठसल्ला विरुवा खरिद र वितरण | २५,०००/- |
| ३. परजिवी नियन्त्रण कार्यक्रम र मल्टि भ्याक्सिन कार्यक्रमा | १,००,०००/- |
| ४. प्राङगारीक मल तथा अर्गानिक खेती प्रोत्साहन | ५०,०००/- |
| ५. पुष्प खेती तथा नर्सरी प्रर्वधन कार्यक्रम | २५,०००/- |
| ६. उत्कृष्ट पशुपालक कृषक प्रोत्साहन कार्यक्रम | २५,०००/- |

## धार्मिक

| | |
|---|---|
| १. कपूरी महाँकाल ट्रस निमार्ण | ५०,०००/- |
| २.कालेश्वर मन्दिर जिर्णोद्धार | १,००,०००/- |
| ३. सामाजिक सुरक्षा इलाका प्रहरी कार्यलय | ३०,०००/- |
| ४.वैतर्णी धाम सुधार र पर्यटन प्रवर्द्धन | २,००,०००/- |
| ५. माथिल्लो गोटिखेल स्तुपा तथा गुम्बा निर्माण | १,००,०००/- |
| ६.महाँकाल स्थान मन्दिर जिर्णोद्धार | १,५०,०००/- |
| ७. धामीडाडाँ कृष्ण प्रणामी सत्सङ्ग भवन निर्माण | १,५०,०००/- |
| ८. पशुपति मन्दिर ट्रस निर्माण | १,००,०००/- |

## शिक्षा तथा बालबालिका

| | |
|---|---|
| १. महाँकाल क्याम्पस | २,५०,०००/- |
| २.बाल क्लब सञ्जाल विस्तार एवं अभिमुखिकरण | ५०,०००/- |
| ३. सेतीदेवी आधारभुत विद्यालय घेरा बार निर्माण | ७५,०००/- |
| ४.विद्यालय पूर्वाधार विकास तथा शैक्षिक सामाग्री(३ वटै विद्यालय) | १,५०,०००/- |
| ५.बाचनालय तथा पुस्तकालय सञ्चालन (महाङ्काल पुस्तकालय र CLC मिलेर) | ७५,०००/- |

## युवा तथा खेलकुद

| | |
|---|---|
| १.युवा क्लब भवन निर्माण | २,००,०००/- |
| २.गोटिखेल टेकवान्दो प्रदर्शन कार्यकक्रम | ५०,०००/- |
| ३.खेलकुद मैदान पूर्वाधार | १,५०,०००/- |

४.सृजनशील सास्कृतिक कार्यक्रम ५०,०००/-

**दलित तथा जेष्ठ नागरिक कार्यक्रम**

| | |
|---|---|
| १. जेष्ठ नागरिक सम्मान कार्यक्रम | १,००,०००/- |
| २. लोसार कार्यक्रम तथा सास्कृतिक ड्रेस खरिद | ५०,०००/- |
| ३. दलित तथा अपाङ्गता सम्बन्धी कार्यक्रम | ५०,०००/- |
| ४. देउराली चियान पाटि ट्रस निर्माण | १,२५,०००/- |

**स्वास्थ्य**

| | |
|---|---|
| १.महिला स्वयंसेविका प्रोत्साहन कार्यक्रम | ५४,०००/- |
| २.स्वास्थ्य चौकी अति आवश्यक सामाग्री खरिद | १,००,०००/- |
| ३.बजार तथा फोहोर व्यवस्थापन | १,००,०००/- |

**महिला**

| | |
|---|---|
| १. महिला आयआर्जन तथा सिप विकास कार्यक्रम | १,५०,०००/- |
| २.महिला उद्घोषण तालिम | २५,०००/- |
| ३.महिला प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम | ५०,०००/- |

**वैकल्पिक उर्जा**

| | |
|---|---|
| १. धार्मिक तथा पर्यटकीय स्थानमा सोलार राख्ने कार्यक्रम | ५०,०००/- |

**तालिम**

| | |
|---|---|
| १. योजना व्यवस्थापन तालिम | ५०,०००/- |
| २.कम्पूटर हार्डवयर सम्बन्धी तालिम कार्यक्रम | ५०,०००/- |
| ३. भिलेज प्रोफाइल तथा गोटिखेल बजार र पर्यटकीय गुरुयोजना निर्माण(DPR) | ३,००,०००/- |
| ४. भैपरी आउने तथा विविध । | १,४१,०००/- |

जम्मा :-७८,००,०००/-

## महाङ्काल गाउँपालिका ४ नं. वडाको कार्यक्रम तथा बजेट विनियोजन

१) वालवालिका शैक्षिक सामग्री वितरण तथा पुस्तकालय व्यवस्थापन अर्न्तगतः २,००,०००।-

२) महिला

- स्वास्थ्य स्वयंसेविका क्षमता विकासः ३०,०००।-
- एकल महिला आयआर्जन तथा क्षमता विकासः १,००,०००।-
- महिला भवन मर्मत तथा रङ्रोगन नकण्डोलः ५०,०००।-
- महिलाहरुको तीज विशेष कार्यक्रम सञ्चालन गर्नः २०,०००।-

३) दलित, आदिवासी/जनजाति, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकास तथा अन्य कार्यक्रम सञ्चालन गर्नः ४,००,०००।-

- दलित क्षमता विकास कार्यक्रम सञ्चालन गर्नः १५,०००।-
- जनजाति चिहान सुधार तथा बाटो निर्माण गर्न, पोलसिं टोलः १,८५,०००।-
- ज्येष्ठ नागरिक सम्मान तथा चियापान कार्यक्रम सञ्चालन गर्नः २,००,०००।-
- अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकास तथा विविध कार्यक्रम सञ्चालन गर्नः ५०,०००।-

४) कृषि

- पशुस्वास्थ्य शिविर सञ्चालनः १,००,०००।-
- अगुवा कृषक सम्मान कार्यक्रमः ५०,०००।-
- दुग्ध चिस्यान व्यवस्थापनः २,००,०००।-
- कृषि अवलोकन भ्रमण तथा तरकारी ग्रेडिङ तालिमः २,५०,०००।-

५) प्रवर्द्धनात्मक कार्यक्रम

- वन संरक्षण तथा वृक्षरोपण कार्यक्रम सञ्चालनः १,००,०००।-
- महाँकाल क्षेत्रको पहिचान झल्कने गरी लोकदोहोरी तथा सांस्कृतिक कार्यक्रम सञ्चालनः ५०,०००।-
- वडा भित्रका प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थी छात्रवृत्ति वितरण कार्यक्रमः १,००,०००।-
- कालीदेवी मन्दिर निर्माण माङमुङः १,००,०००।-
- कालीदेवी मन्दिर निर्माण, छट्टे डाँडाः १,००,०००।-
- बाघभैरव मन्दिर, नकुण्डोलः १,००,०००।-
- कृष्णमन्दिर निर्माण, बतासेः १,००,०००।-
- कालेश्वर महादेव मन्दिर मर्मतः ५०,०००।-
- चिहानघर सुधार कार्यक्रम, चौतारी डाँडाः ५०,०००।-
- युवा तथा खेलकुद कार्यक्रम सञ्चालनः १,००,०००।-

६) शिक्षा

- बाघभैरव उमावि रंगरोगन तथा फर्निचर खरिदः १,००,०००।-
- कालेश्वर प्रावि रंगरोगन तथा फर्निचर खरिदः ५०,०००।-
- नवोदय प्रावि रंगरोगनः २५,०००।-
- नमुना प्रावि रंगरोगनः २५,०००।-
- बाघ भैरव उमाविमा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति वितरण कार्यक्रमः १,००,०००।-

७) भौतिक पूर्वाधार

- घारीको खोरिया चौरी-भर्तेखोर मोटर बाटोः ४,००,०००।-
- सिम खोल गोठ मोटरबाटो निर्माणः ३,५०,०००।-
- आहाल डाँडा-गहते ढुंगा मोटरबाटो निर्माणः ६,००,०००।-
- धारा डाँडा-सौरथली मोटर बाटो निर्माणः २,००,०००।-
- चौरी बल्को चौर-धामी डाँडा मोटर बाटो निर्माणः ३,००,०००।-
- दर्सन ढुंगा-खोक पाखो हुँदै नकण्डोल मोटर बाटोः १,००,०००।-
- नङडोल हुँदै घट्टे खोला जोड्ने मोटर बाटो : १,५०,०००।-
- घट्टे खोला हुँदै बतासे चौकी मोटर बाटोः ३,५०,०००।-
- खानी डाँडा हुँदै लामीछाने टोल जाने मोटरबाटो निर्माणः ५०,०००।-
- बुलबुले-सिरचौर मोटर बाटो निर्माण तथा मर्मतः ३,००,०००।-
- खानी डाँडा बीच बस्तीबाट पोलसिं जोड्ने मोटरबाटोः २,००,०००।-
- अलौ-पोलसिं मोटरबाटो निर्माणः ५,००,०००।-
- सरिपा-गोपे मोटर बाटो निर्माणः १,५०,०००।-
- खन्तिको डाँडा-गुर्दुम मोटरबाटो निर्माणः ५०,०००।-
- पोलसिं-आरन डाँडा मोटर बाटो मर्मतः १,५०,०००।-
- रातोपोखरी-च्याम्राङ बेसी मोटर बाटो निर्माणः १,००,०००।-
- छेपारी डाँडा-चौतारी डाँडा-चन्दनपुर मोटर बाटो निर्माणः २,५०,०००।-
- चिहान डाँडा-भुलुन डाँडा जोड्ने मोटर बाटो निर्माणः ५०,०००।-
- माङमुङ-पोलसिं मोटरबाटो निर्माणः २,५०,०००।-
- लामसोती-पंछेरो-सिगटा मोटर बाटो निर्माणः १,५०,०००।-

